**बैठक संख्या : ६०**

आज मिति २०७६/११/१३ गते ........ बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री हरि प्रसाद ज्ञवाली | नि. प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य आमन्त्रित :**

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २५ | श्री कनक मान श्रेष्ठ | शिक्षा सल्लाहकार | |
| २६ | श्री शिवेन्द्र कुमार पासी | सू.प्र.अ. | |
| २७ | श्री विजय राज वाग्ले | अधिकृत | |

**<u>बैठकका प्रस्तावहरु</u>** :

१. आवश्यक विषयमा छलफल गर्ने सम्बन्धमा ।

**<u>निर्णयहरु</u>**

**निर्णय नं. १**

कपिलवस्तु नगरपालिकामा कार्यरत सब-ईन्जिनियर श्री अब्दुल कलाम खान तथा शिरिष श्रीवास्तव लाई साविकमा खाइपाइ आएको सेवा सुविधामानै ईन्जिनियर पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

कपिलवस्तु नगरपालिकाको नगर स्तरीय योजना बाहेकका योजनाहरुलाई छिटो, छरितो तथा गुणस्तरीय तरिकाले सम्पन्न गर्नलाई हार्डकापी, उपभोक्ता समिति तथा कोटेशन मार्फत कार्य गर्न योजना शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

कपिलवस्तु नगरपालिकाको वडा नं. ९ मा रु. ५ लाख मरम्मत सम्भारमा विनियोजित रकमबाट रु १ शारदा पौडेलको घर देखि विष्णु के.सी. को घर सम्मको बाटो र जरलहिया चौक देखि ओम प्रकाश चौहानको घर सम्म बाटो ग्राभेल तथा मर्मतमा खर्च गर्ने तथा रु. १ लाख हरनामपुर गाउँको पूर्व बाणगंगा न.पा. वडा नं ५ सिमाना देखि दक्षिण चडवा सम्मको बाटो ग्राभेल तथा मरम्मतमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कपिलवस्तु नगरपालिका वडा नं. ९ मा थारु गाउँमा संचालनमा रहेको होमस्टेलाई सुचारु रुपमा संचालन गर्नको लागि नगर सम्बोधन कार्यक्रमबाट रु. २ लाख आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

कपिलवस्तु नगरपालिका वडा नं. ८ मैनिहवा देखि कनकटवा सम्म बाटो ग्राभेलको लागि रु. १० लाख नगर सम्बोधन कार्यक्रमबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिका अन्तर्गत पर्ने वाणगंगा नदीको मुहान चुरे पहाडी खोंचमा रहेको तथा चुरे क्षेत्रवाट प्रवाह भई वग्ने नदी भएको हुनाले ठुलो परिमाणमा ढुंगा, गिट्टी, वालुवा र माटो वगाएर ल्याउने हुंदा वर्षेनी नदीको सतह उठ्ने गरेको छ जसका कारण यस नगरपालिका वडा नं ९ को वाणगंगा नदीको छेउ स्थित कुस्मा र जर्लेया गाउं वरपर वाढीको प्रकोप भई डुवानको समेत सम्भावना उच्च रहेको हुनाले स्थानीय जनताहरुको खेती योग्य जमिन समेत कटान हुन गई नदी छेउको वस्ती संकटमा पर्न गएको छ । तसर्थ उक्त समस्यालाई समाधान गर्नका लागि यस नगर कार्यपालिकाको मिति २०७६/११/१३ गतेको वैठक वाट समेत निर्णय गरी उक्त स्थलको संरक्षणका लागि प्राविधिक वाट तयार पारिएको लगत ईस्टिमेट अनुसारको वजेट चुरे पहाड सम्बोधन कार्यक्रम अन्तरगत ५ नं. प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

क.व.न.पा. वडा नं. ९ को हरनामपुर देखि बनकसिया सडक ग्राभेल गर्न रु. २ लाख नगर सम्बोधन कार्यक्रमबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

क.व.न.पा. वडा नं. ४ महुवा समयमाई मन्दिर निर्माण, जितेन्द्र कुर्मीको घर देखि नहर सम्म माटो ग्राभेल तथा महुवा गाउँमा नाली निर्माण गर्नको लागि रु. ९ लाख ५० हजार नगर सम्बोधन कार्यक्रमबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

क.व.न.पा. वडा नं. ३ आँखा अस्पताल बाटो पि.सि.सि. ढलान तथा माटो पटानको लागि रु. ५ लाख नगर सम्बोधन कार्यक्रमबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

क.व.न.पा. वडा नं. १२ बेलभरिया चौक देखि नबी बक्स डफालीको घर सम्मको सडक पि.सि.सि. ढलानको लागि रु. ५ लाख नगर सम्बोधन कार्यक्रमबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

क.व.न.पा. वडा नं. १ स्थित गौढी चौकको पूर्व तर्फको जग्गामा ड्रेन, सपिङ्ग कम्पलेक्स चिल्ड्रेन पार्क निर्माण गर्न नगर विकास कोषलाई डि.पि.आर. तयार गर्नका लागि अनरोध गर्ने र उक्त ड्रेन, सपिङ्ग कम्पलेक्स चिल्ड्रेन पार्क निर्माण गर्न कपिललस्तु नगरपालिकाको श्रोत र नगर विकास कोषको ऋण सहयोगमा निर्माण गर्न नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

कपिलवस्तु नगरपालिकाको आ.व. २०७६/०७७ को लागि नेपाल सरकार सशर्त अनुदान तर्फ राष्ट्रिय ग्रामिण तथा नवीकरणीय उर्जा कार्यक्रमका लागि प्राप्त बजेटबाट तिलौराकोट र धरमपनिया स्वास्थ्य चौकीमा संचालित बर्थिङ्ग सेन्टरमा पावर ब्याकप सहितको सोलर जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

कपिलवस्तु नगरपालिकाको मिति २०७६/०७/०१ मा प्रकाशित सुचना अनुसार सामुदायिक विद्यालयहरुको आ.व. २०७५/०७६ र सो भन्दा अगाडीको आ.व.हरुको अन्तिम लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्ति गर्ने सन्दर्भमा मिति २०७६/११/१३ को नगर प्रमुखको आदेश बमोजिम यस कार्यपालिका बैठकमा पेश हुदाँ कपिलवस्तु नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा १०(ङ) मा समेत लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने अधिकार नगर शिक्षा समितिमा रहेकोले समितिको संरचना तयार भई नसकेको हुँदा प्रस्तुत आदेश अनुसार पेश भएको लेखा परीक्षकहरुलाई नियुक्ति गरि लेखा परीक्षण गराउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

कपिलवस्तु नगरपालिकाको वडा नं. ९ निग्लिहवा स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टर स्थापनाको लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस आ.व. २०७६/०७७ को कपिलवस्तु नगरपालिका वडा नं. ११ को पचेहरा सिमाना देखि रेहरा, पर्सिया, पकडी, धमौली, बहरवासी हुदै दोहनी जोड्ने बाटो हाल ग्राभेल अवस्थामा रहेको र उक्त बाटोको स्तरोन्नतीका लागि वडावासीहरुले पटक पटक माग गरेकोले तराई मधेश समृद्धी कार्यक्रम अर्न्तगत उक्त पचेहरा दोहनी जोड्ने बाटोको कालोपत्रे गर्ने आयोजनामा आयोजनाको लागत सहभागिताको ३० प्रतिशत रकम नगरपालिकाको बजेटबाट व्यहोर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराई मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाईमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस नगरपालिकामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुको काम सन्तोषजनक रहेको हुदा निजहरुलाई हाल खाइपाइ आएको तलबमा ३५ प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

| | | |
|---|---|---|
| १. | सुनिल के.सी. | ईन्जिनियर |
| २. | शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृत |

**निर्णय नं. १७**

कपिलवस्तु नगरपालिका वडा नं. ८ को आ.व. २०७६ भौतिक पूर्वाधार विकास तर्फको सि.नं. ११ को पश्चिम मैनिहवाको मोती अहिरको घर देखि बड्डु पाण्डेयको घर सम्म पि.सि.सि. ढलानको योजना परिवर्तन गरि सोही ठाउँमा नाली निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस आ.व. २०७७/०७८ को लागि यस कपिलवस्तु नगरपालिकाको वडा नं. १, ३ र ४ लाई जोडने भिक्षु चौक देखि मालपारवा जोडने सडकलाई तराई मधेश समृद्धी कार्यक्रमको लागि नगरपालिकाबाट लागत सहभागिताको ३० प्रतिशत रकम विनियोजन गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तराई मधेश समृद्धि कार्यक्रम केन्द्रिय समन्वय इकाईमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

कपिलवस्तु नगरपालिकाको वडा नं. १० को च.नं. ६५६ मिति २०७६/११/११ को पत्रानुसार वडा नं. १० को आधारभूत विद्यालय कटुवाको भवन १, कोठा २ को झयाल ढोका मरम्मत तथा कोठा सोलिङ्ग पलास्टर गर्नको लागि वडामा मरम्मत सम्भार कोष शिर्षकमा विनियोजित रकम रु. ५ लाख मध्येबाट रु. २ लाख खर्च गर्न माग भई आएको हुँदा प्राविधिक स्टीमेट गराई सोही अनुसार कार्य सम्पन्न गराउने निर्णय गरियो ।

**निर्णय नं. २०**

कपिलवस्तु नगरपालिकाको तपशिल बमोजिमका विद्यालयहरुको २ कोठे भवन निर्माणका लागि आ.व. २०७६/०७७ मा प्राप्त सशर्त अनुदान रकम श्रमदान सहित निर्माण कार्य सम्पन्न गर्ने नीतिगत व्यवस्था भएको यहाँको परिस्थितिमा श्रमदान लगत सहभागिता विद्यालय व्यवस्थापन समितिबाट हुन नसक्ने व्यहोरा विद्यालय व्यवस्थापन समिति, प्र. अ. बैठक तथा नगरपालिकाको संयुक्त बैठकमा निश्कर्षमा पुगेको हुंदा छैठौं नगरसभाबाट उक्त निर्माण कार्यमा अपुग रकम व्यवस्था गर्ने आ.व. २०७६/०७७ को कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप नं. ११.१.२.१ विद्यालय भौतिक पूर्वाधार निर्णय अनुदान ८.२ (घ) का स्थानीय तहले लगानी थप गर्न सक्ने व्यवस्था भए बमोजिम भौतिक पूर्वाधार निर्माण हुने विद्यालयको हरुमा आवश्यक नपुग रकम थप गर्ने निर्णय गरियो ।  ।

**तपशिल**

**भवन**

१. सरस्वती प्रा.वि. अकबरपुर वडा नं १२, भवन २ कोठे । (विद्यालयको नाममा जग्गा नामसारी भएमा मात्र)

२. रत्नराज्य मा.वि. वडा नं. १, भवन २ कोठे ।

३. गौगम बुद्ध आधारभूत विद्यालय वडा नं. २, भवन २ कोठे ।

४. आधारभूत विद्यालय पिपरी वडा नं ४, भवन २ कोठे ।

५. सुन्दर प्रा.वि. मालपारा वडा नं ४, भवन २ कोठे ।

६. राष्ट्रिय मा.वि. बिकुली वडा नं १०, भवन २ कोठे ।

**निर्णय नं. २१**

बहादुरगंज चौराहा देखि भिक्षु चौक सम्मको सडकको दुवै तर्फ सडक मापदण्ड अनुरुप ड्रेन निर्माण गर्नको लागि सडक डिभिजन कार्यालय शिवपुरलाई अनुरोध गर्ने निर्णय  गरियो ।

**निर्णय नं. २२**

पर्यटकीय महत्वको स्थान तिलौराकोट जाने बाटोमा भिक्षुचौक देखि तिलौराकोट सम्मको सडकको दायाँबायाँ फराकिलो गरी सडक बिस्तार गर्नु पर्ने भएकोले सो सडकको दायाँ बायाँका रुखहरु कटान गर्नका लागि जिल्ला बन कार्यालय तौलिहवा कपिलवस्तुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

भिक्षुचौक देखि तिलौराकोट सम्म जाने बाटो साघुरो भएकोले उक्त सडक विस्तार गर्नको लागि डिभिजन सडक कार्यालय शिवपुरलाई अनुरोध गर्ने साथै सडक मापदण्ड अनुरुप दायाँ बायाका रुख कटान गर्ने कार्यमा कपिलवस्तु नगरपालिकाले आवश्यक सहयोग गर्ने समेत निर्णय गरियो ।